# बागचौर नगरपालिका
# नगर कार्यपालिको कार्यालय

**बागचौर, सल्यान**

**कर्णाली प्रदेश , नेपाल**

## सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

सूचना नं. ३/२०७५/०७६

प्रथम पटक प्रकाशित मिति :- २०७६/२/२९

बागचौर नगरपालिका, कार्यालय सल्यानले तपशिल वमोजिमका कामहरु सिलवन्दी दरभाउपत्र माध्यमबाट खरिद गनुपर्ने भएको हुंदा नेपाल सरकारवाट इजाजत प्राप्त निर्माण व्यवसायीहरुवाट देहायको शर्तहरुको अधिनमा रही तोकिएको समय भित्र रितपूर्वकको सिलवन्दी दरभाउपत्र आह्वान गरिएको छ ।

१. सिलवन्दी दरभाउपत्र प्रथम पटक प्रकाशित मितिले **१५** औं दिन भित्र कार्यालय समयमा नविकरण भएको इजाजत पत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र, नगरपालिका क्षेत्र भित्रका व्यवशायी भए न.पा.मा व्यवसाय दर्ता गरेको प्रमाण पत्र, आ.व.२०७४/०७५ सम्म कर चुक्ता प्रमाण- पत्र ,अन्य ठेक्का सम्वन्धि कागजात सहितको प्रमाणित प्रतिलिपिहरु संलग्न राखि निवेदनका साथ तपशिलमा उल्लेखित रकम (पछि फिर्ता नहुने गरी) वुझाई यस कार्यालयमा आफै आई वा आफ्नो आधिकारीक प्रतिनिधि पठाई निवेदन दिई दरभाउ खरिद गर्न सकिनेछ ।

२. दरभाउपत्रको प्रत्येक पानामा सहिछाप गरी देहाय वमोजिमको कार्यको लागि नियमानुसारको धरौटी रकम सिलवन्दी दरभाउपत्र साथ कम्तिमा **७५** दिन म्याद भएको जमानी पत्र (विड वण्ड) वा यस कार्यालयको नाममा **जनता बैंक नेपाल लिमिटेड**, सल्यान शाखामा रहेको **०८३००९०५४९५०२०४** धरौटी खातामा धरौटी वापतको रकम जम्मा गरेको सक्कलै बैंक भौचर सिलवन्दी दरभाउपत्र साथ संलग्न राखि यस कार्यालयमा दर्ता गर्नु पर्नेछ । सिलवन्दी दरभाउपत्र स्वीकृत भएपछि आफूले कवोल गरेको अंकको ५ प्रतिशतले हुने रकम तथा १५ प्रतिशत भन्दा वढि घटेकोमा घटी कवोल अंक को ५० प्रतिशत मा ५ प्रतिशत थप गरी सोही धरौटी खातामा जम्मा गरेको बैंक भौचर पेश गर्नु पर्नेछ ।

३. प्रथम पटक सूचना प्रकाशित मितिले **१६** औं दिन दिनको **१२.00** वजे भित्र यस कार्यालयमा सिलवन्दी दरभाउ पत्र दर्ता गर्नु पर्ने छ । दरभाउ खरिद तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएको खण्डमा उक्त दिनको लगतै कार्यालय खुलेको दिन सोही समय भित्र खरिद र दाखिला गर्न सकिने छ ।

४. दर्ता भएका दरभाउपत्र **१६** औं दिन दिनको **२.00** वजे यस कार्यालयमा दरभाउपत्र दाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ । दरभाउपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि वोलपत्र खोल्न बाधा पर्ने छैन ।

५. दररेट पेश गर्दा प्रत्येक आईटममा अंक र अक्षर दुवैमा प्रष्ट लेख्नु पर्नेछ । अंक र अक्षर फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईने छ ।

६. रित नपुगेका, म्याद नाघि आएको वा अन्य कुनै शर्त राखिएको दरभाउपत्रउपर कुनै कारवाही गरिने छैन ।

७. जुन फर्मको नामवाट दरभाउपत्र खरिद गरिएको हो सोही फर्मको नाममा मात्र दरभाउपत्र दाखिला गर्न पाईने छ ।

८. दरभाउपत्रपूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस नगर कार्यापालिका कार्यालयमा निहित रहनेछ ।

९. यसमा भएकोमा यसै वमोजिम र यसमा उल्लेख नभएको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली २०६४, शंसोधन सहित ,स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ र अन्य प्रचलित ऐन कानुन अनुसार हुनेछ ।

१०. अन्य कुरा बुझ्नु परेमा यस नगरपालिका कार्यालयमा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिने छ ।

| क्र. स. | ठेक्का नं. | कामको विवरण | संख्या | ल.ई. रकम (भ्याट र कन्टीन्जेन्सि वाहेक) | दरभाउपत्र दस्तुर रु. | जमानत रकम |
|---|---|---|---|---|---|---|
| १ | BM/NCB/ GOODS/ 03/2075/076 | तयारी पोलिथिन वाटर ट्याङ्क (N.S. प्राप्त) खरिद | १२० | १६८००००।०० | १०००।०० | ५०,०००।०० |

**प्रमुख प्रशासकीय अधिकृत**

**बागचौर नगर कार्यपालिकाको कार्यालय, सल्यान**